दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

**लुम्बिनी प्रदेश, नेपाल**

## नदिजन्य पदार्थको विक्रिका लागि शिलवन्दि दरभाउपत्र आव्हान सम्वन्धी सूचना

### दोश्रो पटक सूचना प्रकाशन मिति २०८१/१०/१४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) र यस दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा १२ को व्यवस्था वमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्विकृत घाटवाट निर्धारित मापदण्ड वमोजिम नदीजन्य पदार्थ उत्खनन् गरि प्रदेश कानुनले तोकेको दरमा विक्रि गर्ने गरि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आ.व २०८०/८१ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरि तपसिल वमोजिमको शर्तको अधिनमा रही दरभाउपत्र प्रकृयामा सूचना प्रकाशनको मितिले ७ औ दिनभित्र दरभाउपत्र फारम खरिद गरि ८ औ दिनको दिउँसो १२ वजे भित्र शिलवन्दी दरभाउपत्र पेस गर्न हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

आन्तरिक आय ठेक्का विवरण

| क्र.स | सूचना नं/आय ठेक्का दरभाउपत्र नं | दरभाउपत्रको नाम | उत्खनन् परिणाम (घन फिटमा) | आ.व २०८१/८२ को नदिजन्य पदार्थको विक्रि शुल्क दर घन.फि) | आ.व २०८१/८२ को न्युनतम दरभाउपत्र रकम ( सेवा शुल्क र मू.अ.कर वाहेक) | धरौटि रकम | दरभाउपत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|---|
| १ | 8-DRM/SQ/2081/82 | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने माया दोभान क्षेत्रमा ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल आदि (स्विकृत खानी क्षेत्र वाहेक) | १५८९१७.५ | ८ | १२७१३४०.० | कवोल अङ्कको ५% | १०००.० |

**ठेक्का सम्वन्धी शर्तहरु:**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, दरभाउपत्र फारम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा कुमारी वैंक लिमिटेड दंगीशरण शाखाको यस कार्यालयको नाममा रहेको ग-१-१ आन्तरिक राजस्व खाता नं २५२०२४७०५२००००१० मा नगद जम्मा गरेको नगद भौचरसाथ निवेदन पेस गरि यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ८ औ दिनको १२ वजे सम्म दरभाउपत्र पेस गर्ने चाहने दरभाउपत्रदाताले दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा पेस गरि सक्नु पर्नेछ। पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिनमा तत् तत् कार्य हुनेछ।

२. दरभाउपत्र सम्वन्धी फारम भर्दा कवोल रकम अक्षर र अंकमा स्टष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफूले कवोल गरेको अङ्कको ५% को दरले हुन आउने धरौटि रकम यस कार्यालयको नाममा कुमारी वैंक लिमिटेड दंगीशरण शाखाको ग-३ धरौटी खाता नं २५२०२४७०५२००००३ मा जम्मा गरि सोको सक्कल वेंक भौचर वा नेपाल सरकारको मान्यता प्राप्त 'क' वर्गको वाणिज्य वैंकबाट यस कार्यालयको नाममा दरभाउपत्र नं र नाम उल्लेख गरि १२० दिनको म्याद सहित जारी गरिएको विड वन्ड समेत निवेदन साथ पेश गर्नु पर्नेछ।

नि.प्रमुख प्रशासकीय अधिकृत

३. खरिद गरेको दरभाउपत्र फर्महरुमा उल्लेख भएका सवै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप र फर्मको नाम, ठेगाना, कामको विवरण, दरभाउपत्र विवरण प्रोपराईटरको नाम, ठेगाना, फोन नं. मोवाईल नं समेत स्पष्ट खुलाई फर्मको छाप लागाई दोश्रो पटक सूचना प्रकाशन भएको मितिले ८ औ दिनको १२ वजेभित्र दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा पेस गरि सक्नु पर्नेछ। पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिनमा तत् तत् कार्य हुनेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाईने छैन। रितपुर्वक पर्न आएका दरभाउपत्र सम्वन्धी कागजातहरु पेस गर्ने अन्तिम दिनको २ वजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिदिहुरको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन।

५. प्रि-विड वैठक यो सूचना प्रकाशित मितिले ७ औ दिनको १ वजे दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हेकुली दाङ्गमा हुनेछ। इच्छुक दरभाउपत्रदाताले उक्त वैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ। उक्त दिन विदा परेमा उक्त वैठक सोको भोलीपल्ट सोहि समयमा हुनेछ।

६. दरभाउपत्र सम्वन्धी विस्तृत जानकारी दरभाउपत्र सम्वन्धि फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकावाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रित नपुगी वा शर्त सहित पेस हुन आएका दरभाउपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. दरभाउपत्र स्विकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिन भित्र मू.अ कर दर्ता प्रमाणपत्र समेत संलग्न राखि कवोल अङ्कको प्रथम किस्ता वापत ५०% ले हुने रकम अनिवार्य वुझाउनुपर्नेछ। दोस्रो किस्ता वापतको ५०% ले हुने रकम नेपाल राष्ट्र वैंकवाट ईजाजत प्राप्त 'क' वर्गको वाणिज्य वैंकवाट यस कार्यालयको नाममा मिति २०८२ श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको वैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) समेत पेस गरि पट्टा उठाउनु पर्नेछ। साथै दरभाउपत्र कवोल गर्ने व्यक्ति वा फर्मले आफूले कवोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा वुझाउनु पर्नेछ। निययमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर दरभाउपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरि नियमानुसार दरभाउपत्र वन्दोवस्त गरेनेछ। यस गाउँपालिकाको नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, सम्वन्धित स्थानीय तहवाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड र लुम्विनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ वमोजिम हुनेछ। साथै यस कार्यालयवाट गरिएको वातावरणिय अध्ययन प्रतिवेदन यस दरभाउपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ।

९. माथी उल्लेखित ठेक्काहरुको लागि रु १०००/- (एक हजार) फिर्ता नहुने गरि दरभाउपत्र फारम खरिद गरि पेश गर्नुपर्नेछ।

१०. ठेक्का अवधि सामान्यतया आ.व २०८१/८२ को जेठ मसान्त सम्म कायम रहनेछ तर ठेक्कामा उक्त अवधि भन्दा अगावै तोकिएको परिमाणमा उत्खनन गरेको खण्डमा उक्त अवधी कम पनि हुन सक्नेछ। साथै परिमाणका आधारमा ठेक्का सम्झौता हने भएकाले वन्द हडताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दावि गर्न पाईने छैन।

११. उत्खनन स्थलवाट अनिवार्य रुपमा स्वीकृत परिमाणको नदीजन्य पदार्थ घाटगद्धि गरि प्रमाणित गराई विक्रि गर्नु पर्नेछ। उत्खनन् स्थलमा उत्खननको क्रममा डोजर, स्काभेटर, लोडर जस्ता हेभी ईक्यूमेन्ट दंगीशरण गाउँ कार्यपालिकाको अनुमति वेगर प्रयोग गर्न पाईने छैन।

१२. IEE प्रतिवेदनले निषेध गरेको अवधीमा नदी क्षेत्रवाट सामाग्री उत्खनन् गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्रि तथा निकासि गर्न सकिनेछ।

नि.प्रमुख प्रशासकीय अधिकृत

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

१३. यो सूचनामा उल्लेख भएका अतिरिक्त दरभाउपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्वन्धी अन्य सर्तहरुका प्रत्येक वुँदाहरु यसै सूचना बमोजिमका शर्त सरह लागु हुनेछ।

१४. यो सूचना तथा दरभाउपत्रमा उल्लिखित अन्य शर्तहरु पुरा नभएका दरभाउपत्रहरु मुल्याङ्कनमा समावेध गरिने छैन।

१५. यो सूचना प्रकाशित भइसकेपछि लुम्विनी प्रदेश सरकारवाट दररेटमा कुनै फेरवदल गरेको खण्डमा कवोल अंकमा पनि सोही अनुसार समायोजन हुनेछ।

१६. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून वमोजिम हुनेछ।

२०८१।११।१४

प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत